आज मिति २०८०।०६।२९ गते सोमबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को पाँचौ बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री रामेश्वर कुँवर | उप-सचिव | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

## प्रस्तावहरु:-

१. घाटगद्दीमा रहेको गिट्टीढुंगा बिक्रि निकासीको लागि अनुमति दिने सम्वन्धमा ।

२. डि.पि.आर. गर्ने सम्बन्धमा ।

३. संघीय सरकार अन्तरगतका निकायहरुबाट ठेक्का लागेका अधुरा योजनाहरुको सम्बन्धमा ।

४. लेखा समितिको संयोजक परिवर्तन गर्ने सम्बन्धमा ।

५. कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

६. पालोपहरा खटाउने सम्बन्धमा ।

७. नगर क्षेत्रका सडकहरु मर्मत गर्ने सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु:—

निर्णय नं -१

यस नगरपालिका र ईन्द्रेणी सगरमाथा जे.भि. त्रि.न.पा. ११ का प्रो. सन्जिव काफ्लेवीच मिति २०७८/०८/२९ गते नदिजन्य पदार्थ गिट्टी ढुङ्गा उत्खनन तथा बिक्रि निकासी गर्ने सम्वन्धमा भएको सम्झौता अनुसार निज ठेकेदारबाट सम्झौता अनुरुप भाखाभित्र ठेक्का वापतको सम्पूर्ण रकम नबुझाई सम्झौता उल्लंघन गरेको अवस्थामा उल्टै यस नगरपालिका समेतलाई विपक्षी वनाई मिति २०७९ असार २७ गते करारिय दायित्व उल्लंघन गर्ने पक्षबाट राजस्व फिर्ता दिलाई क्षतिपूर्ति समेत दिलाई भराई पाँउ भनी दायर गरेको मुद्दा नं.२०७८- CP-०८२७ मा सम्मानित जिल्ला अदालत उदयपुरले २०८०/०२/१६ मा आंशिक दाबी पुग्ने गरी गरेको फैसला प्रति यस नगरपालिकाले चित्त बुझाउन नसकी मिति २०८०/०५/१७ गते नगरकार्यपालिकाको बैठकको निर्णय नं-१५ मा मुद्दाको पुनराबेदन गर्ने भनी निर्णय गरे बमोजिम उच्च अदालत बिराटनगरमा पुनराबेदन गरिएको अवस्था भएता पनि जिल्ला अदालत उदयपुरले निज ठेकदारबाट नगरपालिकालाइ तिर्नु बुझाउनु पर्ने ठहर गरी भएको फैसला बमोजिमको रकम पूर्णरूपमा बुझाई सकेको अवस्था हुँदा घाटगद्दीमा राखिएको निज ठेकदारको गिट्टी ढुंगा प्रति नगरपालिकाको दाबी समेत नरहेको अवस्थामा रोक्का राख्दा नगरपालिकाले लगाउने ठेक्का प्रति जनमानसमा भ्रम पैदा हुनुको साथै यो बर्ष तथा आउँदा बर्षहरुमा समेत नगरपालिकाले लगाउने ठेक्काहरु प्रति अबिश्वासको वातावरण बन्ने र ठेक्का लगाउन नसकिने परिस्थिति निर्माण भई नगरपालिकाको आन्तरिक स्रोत कमजोर हुन जाने र जिल्ला अदालत उदयपुरको आदेश बमोजिम जिल्ला प्राबिधिक कार्यलयका इन्जिनियर गएर घाटगद्दीमा रहेको ३६५७२.१ घ.मि. नदिजन्य पदार्थ गिट्टी, ढुंगा रोक्का राखे सम्बन्धमा पुनराबेदनमा समेत कुनै दाबी नगरिएको र निज ठेकेदारले घाटगद्दीमा राखिएको गिट्टी, ढुंगा बिक्रि गर्न नपाउँदा आफुलाई मर्का परेको हुँदा घाटगद्दीमा राखिएको नदिजन्य पदार्थ बिक्री निकासी गर्न छुटपुर्जी पाँउ भनी निवेदन दिएको हुँदा पुनराबेदन अदालत बिराटनगरबाट मुद्दाको किनारा नलागेसम्म निज ठेकेदारले यस नगरपालिकासँग ठेक्का कबोल गरेको अंक रु.३,७५,००,००१।- (मु.अ.कर बाहेक) को रकममा प्राप्त हुन बाँकी रकम रु.१,१७,३८,५१५।- (अक्षरुपी एक करोड सत्र लाख अड्तीस हजार पाँच सय पन्ध्र) (मु.अ.कर बाहेक) को मिति २०८१ साल असार मसान्त सम्म समयावदी भएको बैंक जमानत माग गर्ने र पुनराबेदन अदालत बिराटनगरको फैसला दुबै पक्षले पालना गर्ने गराउने गरी

नगरपालिका र ठेकेदार दुबै पक्ष बीच भएको करारीय सम्झौता कार्यान्वयन गर्ने गरी ठेकेदारले रु.१,१७,३८,५१५।- (मु.अ.कर बाहक) को बैंक जमानत पेश गरेपछी मात्र उक्त घाटगद्दिमा रहेको ३६५७२.१ घ.मि. गिटी, ढुंगा बिक्रि निकासी गर्न अनुमति दिने र उक्त निर्णय अनुमोदनको लागि नगरसभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं - २

यस नगरपालिकाको सीमित श्रोतबाट ठुला योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न सम्भव नहुने भएकोले संघ तथा प्रदेश सरकार अन्तरगतका सम्बन्धित विभिन्न निकायहरुमा योजना तथा कार्यक्रम माग गर्नु पर्ने आवश्यकता रहेको र सोको लागि योजना तथा कार्यक्रमको विस्तृत परीयोजना लागत विवरण (DPR) तयार गरी पेश गर्नु पर्ने भएकोले यस नगरपालिकाको लागि महत्वपूर्ण योजनाको रुपमा रहेका तपसिलमा उल्लिखित योजनाहरुको DPR तयार गर्न यस नगरपालिकाको प्राविधिक शाखा मार्फत आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

तपसिलः-

१. वडा नं. २ को झोरापाटा र आँपडाँडा बीचमा रहेको खाली जग्गामा फनकार्क निर्माण ।
२. वडा नं. १० को वडा कार्यालय शिवमन्दिर छेउमा पार्क तथा ज्येष्ठ नागरिक शितल चौतारी निर्माण ।
३. रक्सादह पोखरी वडा नं. ९, पाण्डव बास पोखरी वडा नं. ५ र कौवाखोज पिक्निक स्पोटर्स वडा नं. २ र ६ संरक्षण तथा निर्माण ।

निर्णय नं -३

संघ र प्रदेश सरकार अन्तरगतका निकायहरु मार्फत ठेक्का लागि यस नगरपालिकाको विभिन्न स्थानमा निर्माण कार्य शुरु भएका तर सम्पन्न नभई अलपत्र अवस्थामा रहेका तपसिलमा उल्लिखित योजनाहरुको यथाशीघ्र निर्माण कार्य अगाडि बढाउने व्यवस्थाको लागि सम्बन्धित निकायहरुलाई ध्यानाकर्षणको लागि अनुरोध गर्ने निर्णय गरियो ।

तपसिलः-

१. उदयपुर र खोटाङ जोड्ने सुनकोशी नदि बंशिला घाटमा पक्की पुल निर्माणको लागि ठेक्का लागेको तर निर्माण कार्य अगाडी नबढेको ।
२. उदयपुर र भोजपुर जोड्ने सुनकोशी नदी रानीटारमा निर्माण शुरु भई अलपत्र अवस्थामा रहेको पक्किपुल ।
३. अन्तर प्रदेश जोड्ने गाईघाट, जोगिदह, हडिया, शिवाई, सुन्दरपुर, पत्तेपुर सडक निर्माण ।
४. नारदमुनी सभाहल निर्माण वडा नं. ४ ।

CamScanner

निर्णय नं. ४

यस नरपालिकाको लेखा समितिको संयोजकमा नगरसभा सदस्य श्री आशा परियार रहनु भएकोमा उक्त समितिको अन्य सदस्यहरु यथावत रहने गरी संयोजकको जिम्मेवारी वडा नं. ६ का वडा अध्यक्ष श्री अम्बर बहादुर खड्काज्यूलाई दिने र अनुमोदनको लागि आगामी नगरसभा समक्ष पेश गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको लागि आवश्यक तपसिलमा उल्लिखित कार्यविधिहरु स्वीकृत गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

तपसिलः-

१. विउपुँजी संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

निर्णय नं. ६

नेपालीहरुको महान चाडपर्वहरु नजिकिदै गरेको र उक्त चाडपर्वको समयमा लामो समय सम्म कार्यालयहरु बन्द रहने भएकोले उक्त समयमा कार्यालयको रेखदेखको लागि पालो पहरा बस्ने कर्मचारीको व्यवस्था गर्न आवश्यक हुने र जिल्ला प्रशासन कार्यालय उदयपुरको च.नं. ७७९ मिति २०८०/०६/१२ गतेको पत्रसाथ प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतमज्यूको अध्यक्षतामा मिति २०८०/०६/०५ गते बसेको बैठकको निर्णय प्राप्त भएको र उक्त बैठकबाट समेत आसन्न चाडपर्वको समयमा सबै कार्यालयहरुले पालो पहरा बस्ने कर्मचारी तोकी सेको जानकारी जिल्ला प्रशासन कार्यालय उदयपुरमा पठाउने निर्णय भइ आएको हुँदा यस नगरपालिकामा कार्यरत कर्मचारीहरु मध्येबाट आसन्न चाडपर्वको समयमा पालो पहरा बस्ने व्यवस्था मिलाई सोको जानकारी जिल्ला प्रशासन कार्यालय उदयपुरमा पठाउने र पालो पहरामा खटिने कर्मचारीहरुलाई नियमानुसर हुने गरी खाजा खर्च समेत उपलब्ध गराउने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं. ७

यस नगरपालिका क्षेत्रका अधिकांश सड्कहरु कच्ची रहेको र वर्षाको समयमा बाढी लगाएतको कारणबाट खाल्डाखुल्डी हुने तथा सड्कहरुमा क्षेती पुगेकोले सवारी आवतजावतमा असहजता भएको र यस नगरपालिकाका वडा कार्यालयहरु र टोलविकास संस्थाहरुबाट समेत उक्त सड्कहरु मर्मतको लागि माग भई आएको साथै नेपालीहरुको महान चाड बडा दशैं लगाएतका पर्वहरु नजिकिदै गरेकोले उक्त आसन्न चाडपर्वहरुलाई समेत मध्येनजर गर्दै यस नगरपालिकाका सबै वडाहरुका मुख्य मुख्य सड्कहरुमा भएका खाल्डाखुल्डीहरु पुर्ने आवश्यक व्यवस्था मिलाउने साथै उक्त कार्यमा प्रयोग हुने ग्रावेल यस नगरपालिकाले IEE गरेका स्थानहरुबाट नियमानुसार उत्खनन् गर्ने व्यवस्था मिलाउने र सो कार्यमा लाग्ने खर्च यस नगरपालिकाको विपद् व्यवस्थापन खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

CamScanner